# कमल गाउँपालिकाको विनियोजन ऐन—२०७६

कमल गाउँपालिकाको आर्थिक वर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**सभाबाट स्वीकृत मितिः २०७६।०३।०९**

**प्रस्तावनाः**

कमल गाउँपालिकाको आर्थिक वर्ष २०७६।०७७ को सेवा र कार्यहरुका लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम कमल गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्तनामर प्रारम्भः**

(१)यस ऐनको नाम "कमल गाउँपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२.आर्थिक वर्ष २०७६।०७७को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७६।०७७ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरि जम्मा रकम रु. ६१,७९,९२,०००।– (अक्षरेपी एकसठ्ठी करोड उनान्असी लाख वयानव्वे हजार रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त कमल गाउँपालिको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले वचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकमसार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरि कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य

चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथापूँजिगतखर्च र वित्तीयव्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरि कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ।

**अनुसूची–१**

**(दफा२ सँग सम्बन्धीत)**

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संञ्चितकोषबाट विनियोजन हुने रकम**

| क्र.सं. | शीर्षकको नाम | विनियोजित रकम |
|---|---|---|
| १ | गाउँकार्यपालिका तर्फ चालु तर्फ | 5,40,00,000.00 |
| २ | गाउँकार्यपालिका तर्फ पूँजीगत | 38,73,92,000.00 |
| ३ | वडा स्तरीय कार्यक्रम तर्फ | 700,50,000.00 |
| ४ | सशर्त अनुदान तर्फ | 16,06,00,000.00 |
| ५ | सामाजिक सुरक्षा भत्ता | 15,00,00,000.00 |
| ६ | कूल जम्मा | 61,79,92,000.00 |